**कार्यपालिका बैठक संख्या नं. ५०** **स्थानः नगरपालिका भवन** **मिति २०८२/०२/२९ गते**

**समयः विहान ११:०० बजे**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून निर्माण तथा स्वीकृति सम्बन्धमा।
३. नगर सभाको अधिवेशनमा पेश गर्ने कानूनी तथा नीतिगत मस्यौदाहरु अनुमोदन सम्बन्धमा।
४. नगर सभाको अधिवेशन आव्हान गर्ने सम्बन्धमा।
५. कार्यपालिकीय समिति तथा वडा समितिको बजेट तथा कार्यक्रम प्रस्तुती सम्बन्धमा।
६. राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा।
७. न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा।
८. अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन सम्बन्धमा।
९. विधायन समितिको प्रतिवेदन सम्बन्धमा।
१०. सुशासन तथा स्थानीय सेवा समिति प्रतिवेदन सम्बन्धमा।
११. सामाजिक समितिको प्रतिवेदन सम्बन्धमा।
१२. कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समिति प्रतिवेदन सम्बन्धमा।
१३. नगरसभामा पेश हुने कार्यसूचीका सम्बन्धमा।
१४. जग्गा मूल्यांकनका लागि मालपोत कार्यालयलाई सिफारिश गर्ने सम्बन्धमा।
१५. जग्गा नामसारीका लागि जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने सम्बन्धमा।
१६. श्रीनगर बसपार्कको आय ठेक्का आव्हान सम्बन्धमा।
१७. भुक्तानी/फरफारक अनुमोदन सम्बन्धमा।
१८. जिल्ला समन्वय समितिबाट प्राप्त अनुगमन प्रतिवेदनका सम्बन्धमा।
१९. पशु अस्पताल तथा पशु सेवा कार्यालयलाई धन्यवाद दिने सम्बन्धमा।
२०. विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

क)

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको ४८औं र ४९ औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित कानून प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

(१) सार्वजनिक भवन तथा सभा हल सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

(२) डोजर (वि.सि.जे), स्काभेटर, टिप्पर तथा यान्त्रिक उपकरण संचालन कार्यविधि, २०८२

(३) व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८२

(४) उत्कृष्ट पत्रकारिता पुरस्कार वितरण सम्बन्धी कार्यविधि, २०८२

तपसीलमा उल्लेखित कार्यविधि अर्को कार्यपालिका बैठकमा राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो ।

१. करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०८२
२. लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०८२

**निर्णय नं. ३**

यस नगरपालिकाको आ. व. २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटसंगै कानूनले निर्दिष्ट गरेका तपसीलका कानूनी तथा नीतिगत मस्यौदाहरु स्वीकृतिका लागि नगर सभाको १७ औं अधिवेशनमा पेश गर्न अनुमोदन गर्ने निर्णय गरियो ।

(१) नीति तथा कार्यक्रम

(२) आर्थिक विधेयक (राजस्व वा करका दरहरु)

(३) विनियोजन विधेयक (संचित कोष, कार्यक्रमगत र शीर्षकगत खर्च)

(४) बजेट वक्तव्य

(५) वार्षिक विकास कार्यक्रम

(६) गत वर्षको राजस्व र व्ययको विवरण

(७) चालु वर्षको संसोधित अनुमान

(८) आगामी वर्षको कार्यक्रम र बजेट अनुमान

(९) मध्यमकालीन खर्च संरचना

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

उपरोक्तका विषयहरुलाई अनुसूची १ देखि ९ मा उल्लेख गरिएको छ।

**निर्णय नं. ४**

यस नगरपालिकाको नगर सभाको १७ औं अधिवेशनको बैठक तपसील अनुसार आव्हान गर्ने निर्णय गरियो।

(क) नीति तथा कार्यक्रम प्रस्तुत- २०८१ आषाढ ४ गते विहान ११ बजे नगरपालिकाको सभा हल।

(ख) बजेट तथा योजना प्रस्तुत- २०८० आषाढ ५ गते विहान ११ बजे नगरपालिकाको सभा हल।

**निर्णय नं. ५**

श्रोत अनुमान तथा सीमा निर्धारण समितिले उपलब्ध गराएको बजेट सीमा (Budget Ceiling) भित्र रही कार्यपालिकीय समितिले आफ्नो कार्य क्षेत्र भित्रका शाखा तथा इकाई र वडा समितिबाट प्राप्त कार्यक्रम एवं योजना बजेट तथा कार्यक्रम समितिको बैठकमा पेश भई छलफलबाट प्राप्त सुझावलाई समावेश गर्ने गरी निर्णय नं ३ को खण्ड (५) मा समाहित गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

यस नगरपालिकाका उपप्रमुख तथा राजश्व परामर्श समितिका संयोजक श्री सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको अनुसूची १० बमोजिमको आ. व. ०८१/८२ को राजश्व परामर्श समितिको प्रतिवेदन अनुमोदन गरी नगर सभाको १७ औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

यस नगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक श्री सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको अनुसूची ११ बमोजिमको आ. व. ०८१/८२ को न्यायिक समितिको प्रतिवेदन अनुमोदन गरी नगर सभाको १७ औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

यस नगरपालिका वडा नं १२ का वडा अध्यक्ष एवं अर्थ तथा सार्वजनिक लेखा समितिका संयोजक श्री सुरेन्द्र बुढाले पेश गर्नु भएको अनुसूची १२ बमोजिमको आ. व. ०८१/८२ को अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन अनुमोदन गरी नगर सभाको १७ औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

यस नगरपालिका वडा नं ९ का वडा अध्यक्ष एवं विधायन समितिका संयोजक श्री हेमेन्द्र कुमार बुढाथोकीले पेश गर्नु भएको अनुसूची १३ बमोजिमको आ. व. ०८१/८२ को विधायन समितिको प्रतिवेदन अनुमोदन गरी नगर सभाको १७ औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

यस नगरपालिका वडा नं २ का वडा अध्यक्ष एवं सुशासन तथा स्थानीय सेवा समितिका संयोजक श्री सविन हमालले पेश गर्नु भएको अनुसूची १४ बमोजिमको आ. व. ०८१/८२ को सुशासन तथा स्थानीय सेवा समितिको प्रतिवेदन अनुमोदन गरी नगर सभाको १७ औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

**निर्णय नं. ११**

यस नगरपालिका वडा नं ३ का वडा अध्यक्ष एवं सामाजिक समितिका संयोजक श्री तुलसा भण्डारीले पेश गर्नु भएको अनुसूची १५ बमोजिमको आ. व. ०८१/८२ को सामाजिक समितिको प्रतिवेदन अनुमोदन गरी नगर सभाको १७ औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

यस नगरपालिका वडा नं १५ का वडा अध्यक्ष एवं कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समितिका संयोजक श्री लोकमान बुढाथोकीले पेश गर्नु भएको अनुसूची १६ बमोजिमको आ. व. ०८१/८२ को कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समितिको प्रतिवेदन अनुमोदन गरी नगर सभाको १७ औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

यस नगरपालिकाको नगर सभाको १७ औं अधिवेशनको बैठकमा पेश हुने अनुसूची १७ बमोजिमको कार्यसूची अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

मालपोत कार्यालय, सल्यानले आगामी आर्थिक वर्ष २०८२।८३ मा यस नगरपालिका क्षेत्रका जग्गा खरिद बिक्री गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क प्रयोजनार्थ राजश्व परामर्श समितिको मिति २०८२/०२/२८ गते बसेको बैठकको निर्णय अनुसार अनुसूची १८ मा उल्लेख भए अनुसारको जग्गाको मूल्यांकन विवरण मालपोत कार्यालय, सल्यानमा पठाउने निर्णय गरियो।

**निर्णय नं. १५**

शारदा नगरपालिका वार्ड नं. ५ मा रहेको जनकल्याण आधारभूत विद्यालयमा अनाथ असहाय विद्यार्थीका लागि छात्रावास सञ्चालन एवं विद्यालयको भौतिक संरचना निर्माणका लागि जग्गाको आवश्यकता सम्बन्धी यस कार्यालयको सूचना अनुसार तोकिएको समय सीमा भित्र यसै नगरपालिका वार्ड न. ५ निवासी श्री काली बहादुर बुढाथोकीको नाममा दर्ता कायम भएको कि. नं. ३४६ क्षेत्रफल ३-४-३-२ र श्री पिमकली बुढाथोकीको नाममा दर्ता कायम रहेको कि. नं. ५०३ क्षेत्रफल २-७-०-० र कि. नं. ३४३ क्षेत्रफल २-८-२-१ को जग्गा यस नगरपालिकालाई उपलब्ध गराउन इच्छुक रहेको भनी निवेदन पर्न आएकोले शारदा नगरपालिकाको नाममा ल्याउन आवश्यक प्रक्रिया अगाडि बढाइदिन हुन भनी जिल्ला प्रशासन कार्यालय, सल्यानलाई अनुरोध गर्ने र सो कामकाजका लागि नगरपालिकाको तर्फबाट अमिन श्री केशव सावदलाई अख्तियारी दिने एवं जग्गादाता द्वयलाई नगरपालिकाको तर्फबाट हार्दिक आभार सहित धन्यवाद दिने निर्णय गरियो।

**निर्णय नं. १६**

यस नगरपालिकाको गौरवको आयोजनाको रुपमा रहेको श्रीनगर बसपार्कको निर्माण कार्य सम्पन्न भएकोले आर्थिक वर्ष २०८२/८३ बाट आन्तरिक आय वृद्धि गर्ने प्रयोजनार्थ प्रचलित कानूनको अधिनमा रही आय ठेक्काको सूचना आव्हान गर्न निर्देशन दिने निर्णय गरियो।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

**निर्णय नं. १७**

यस आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार हालसम्म भएको फरफारक (खर्च तथा भुक्तानी) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (२ङ) बमोजिम अनुमोदन गर्ने निर्णय गरियो । जसमा चालु तर्फ रु. ३२,२३,७३,५३४।२० (६३.२३ प्रतिशत) पूँजीगत तर्फ रु. ९,४६,०८,१३५।०० (५५.२७ प्रतिशत) र समग्रमा ४१,६९,८१,६६९।२०(५६.९८ प्रतिशत) रहेको छ।

**निर्णय नं. १८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ अनुसार जिल्ला समन्वय समिति सल्यानले यस नगरपालिकाले निर्माण गरेको श्रीनगर आधुनिक बसपार्कको मिति २०८२ जेष्ठ २० गते जिल्ला समन्वय उपप्रमुख श्री असवीर बुढाथोकीको नेतृत्वमा भएको अनुगमन प्रतिवेदन उपर छलफल भई सो बाट प्राप्त सुझावहरुलाई आगामी विकास निर्माण कार्यमा कार्यान्वयन गर्ने प्रतिवद्धता सहितको निर्णय गरियो।

**निर्णय नं. १९**

यस नगरपालिकालाई आवश्यक IRL Refrigerator उपलब्ध गराउने पशु अस्पताल तथा पशु सेवा कार्यालयलाई धन्यवाद दिने दिने निर्णय गरियो।

**निर्णय नं. २०**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) जिन्सी मालसामानको लिलाम बिक्री प्रक्रिया अनुमोदन गर्ने।

(ख) घर बीमा कार्यक्रमका लागि पूर्वाधार विकास शाखाले तयार गरेको घर मूल्यांकन फारम स्वीकृत गर्ने।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची- १०

(निर्णय नं. ६ संग सम्बन्धित)

शारदा नगरसभा

खलंगा, सल्यान

नगर सभाको १७ औं अधिवेशन

मितिः २०८२/०३/०४

**राजश्व परामर्श समितिको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन**

श्रीमान सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत नगरसभा सदस्य ज्यूहरु, शारदा नगपालिका अन्तरगत कार्यरत सर/मेमहरु आज मिति २०८२/०३/०४ गतेका दिन शुरु हुन गइरहेको यस शारदा नगरपालिकाको नगरसभाको १७ औं अधिवेशनमा राजश्व परामर्श समितिको आर्थिक वर्ष २०८१/८२ को बार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु ।

**१. पृष्ठभूमिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिमको कार्यहरु गर्न राजश्व परामर्श समितिको गठन गर्ने व्यवस्था छ । यस शारदा नगरपालिकाको आयको अनुमान तथा राजश्वको दायरा फराकिलो पारी नगरपालिकाको कुल आम्दानी बढाउने उद्देश्यका साथ नगर सभाबाट राजश्व परामर्श समितिकोथि गठन गरिएको छ ।

**२. समितिको कार्यक्षेत्रः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिमको कार्यहरु यस समितिको कार्यक्षेत्र हुन ।

**३. समिति गठनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिमको कार्यहरु गर्ने गरी नगर उपप्रमुखको संयोजकत्वमा तपसिल वमोजिमका सदस्यहरु रहने गरी राजश्व परामर्श समिति गठन गरिएको छ ।

| | |
|---|---|
| १. नगर उप प्रमुख श्री सुस्मिता सापकोटा सुनार | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत ओम प्रकाश देवकोटा | सदस्य |
| ३. कार्यपालिका सदस्य श्री प्राण कुमार राई | सदस्य |
| ४. कार्यपालिका सदस्य श्री रत्ना थापा | सदस्य |
| ५. अध्यक्ष वा प्रतिनिधि सल्यान उद्योग वाणिज्य संघ | सदस्य |
| ६. अध्यक्ष वा प्रतिनिधि घरेलु उद्योग महासंघ सल्यान | सदस्य |
| ७. राजश्व इकाई प्रमुख श्री हरिभक्त भण्डारी | सदस्य सचिव |

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

## ४. समितिले हालसम्म प्राप्त गरेका उपलब्धीहरु

१. आर्थिक वर्ष ०८२/८३ का लागि आन्तरिक आयको अनुमान गर्ने कार्य गरेको।

२. आगामी २ आर्थिक वर्षको लागि आयको अनुमान सहित संघ, प्रदेश र सरोकारवाला निकायमा प्रतिवेदन गरिएको।

३. चालु आ.व. ०८१/८२ को आय अनुमान संशोधन गर्ने कार्य गरेको।

४. करको दररेट हेरफेर गरि करका व्यापक दायरा बढाउने  कार्य गरेको।

## ५. कार्य सम्पन्न गर्दा आइपरेका समस्या/चुनौती

१. आन्तरिक आम्दानीका श्रोतहरुबाट हुने आम्दानी अनुमान गर्न कठिन रहेका कारण अनुमान यथार्थ परक बन्न नसकेको।
२. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाडफाँडबाट प्राप्त हुने रकम समेत प्रक्षेपण गरे बमोजिमको रकम प्राप्त हुन नसक्दा अनुमान र वास्तविकता बीच तालमेल नदेखिएको।
३. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण रकममा कटौती हुँदा विकास आयोजना/कार्यक्रम प्रभावित भएको।
४. भुक्तानी बाँकी आयोजना तथा कार्यक्रमबाट आगामी आ व को बजेटलाई प्रभावित गरेको।

## ६. आर्थिक ऐन, २०८२ मा गर्नु पर्ने संसोधन तथा थप  करका दर  दायराको प्रस्ताव:

| दफा-१८ एम्बुलेन्स सेवा शुलक | दफा-१९ नगर बस सेवा शुल्क | दफा-२०  बसपार्क पूर्वाधार सेवा शुल्क |
|---|---|---|

**थप अनुसूची १४**

**एम्बुलेन्स सेवा शुल्क**

| सि नं | जिल्ला अस्पताल सल्यान-देहाएका विभिन्न स्थान | दर | हुनु पर्ने व्यवस्था | दर | संसोधन गर्नुका कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्रीनगर | ८०० | व्यवस्था नभएको | ८०० | थप गर्नु पर्ने | |
| २. | डाङ्ग्री | १२०० | व्यवस्था नभएको | १२०० | थप गर्नु पर्ने | |
| ३. | माल्टा | ३५०० | व्यवस्था नभएको | ३५०० | थप गर्नु पर्ने | |
| ४. | रामेखोला | १८०० | व्यवस्था नभएको | १८०० | थप गर्नु पर्ने | |
| ५. | कजेरी | ३५०० | व्यवस्था नभएको | ३५०० | थप गर्नु पर्ने | |
| ७. | ओखेनी | ४००० | व्यवस्था नभएको | ४००० | थप गर्नु पर्ने | |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | कउँछे | २००० | व्यवस्था नभएको | २००० | थप गर्नु पर्ने | |
| ९. | सापमारा | ३००० | व्यवस्था नभएको | ३००० | थप गर्नु पर्ने | |
| १०. | मदमकाडा | ३००० | व्यवस्था नभएको | ३००० | थप गर्नु पर्ने | |
| ११.. | खैराबाङ् | २५०० | व्यवस्था नभएको | २५०० | थप गर्नु पर्ने | |
| १२. | हिवल्चा | २५०० | व्यवस्था नभएको | २५०० | थप गर्नु पर्ने | |
| १३. | मधाना | २००० | व्यवस्था नभएको | २००० | थप गर्नु पर्ने | |
| १४. | पैयाखर्क/ जलुके | ३५०० | व्यवस्था नभएको | ३५०० | थप गर्नु पर्ने | |
| १५. | साल्चौर | २५०० | व्यवस्था नभएको | २५०० | थप गर्नु पर्ने | |
| १६. | दोभान | २००० | व्यवस्था नभएको | २००० | थप गर्नु पर्ने | |
| १७. | बागचौर | २५०० | व्यवस्था नभएको | २५०० | थप गर्नु पर्ने | |
| १८. | नेपाने | २५०० | व्यवस्था नभएको | २५०० | थप गर्नु पर्ने | |
| १९. | नयाँबस्ती | ४००० | व्यवस्था नभएको | ४००० | थप गर्नु पर्ने | |
| २०. | मार्कै | १२०० | व्यवस्था नभएको | १२०० | थप गर्नु पर्ने | |
| २१. | पोखरा | १००० | व्यवस्था नभएको | १००० | थप गर्नु पर्ने | |
| २२. | रानीकोट | १००० | व्यवस्था नभएको | १००० | थप गर्नु पर्ने | |
| २३. | स्याला | २५०० | व्यवस्था नभएको | २५०० | थप गर्नु पर्ने | |
| २४. | साइलाकमद | १००० | व्यवस्था नभएको | १००० | थप गर्नु पर्ने | |
| २५. | रातामाटा | १५०० | व्यवस्था नभएको | १५०० | थप गर्नु पर्ने | |
| २६. | सिमखर्क | १५०० | व्यवस्था नभएको | १५०० | थप गर्नु पर्ने | |
| २७. | सुनटाकुरा | २००० | व्यवस्था नभएको | २००० | थप गर्नु पर्ने | |
| २८. | जैतपानी | २००० | व्यवस्था नभएको | २००० | थप गर्नु पर्ने | |
| २९. | शारदा नगरपालिका बाहेकको स्थानमा एम्बुलेन्स सञ्चालन सेवा शुल्क जिल्ला दररेट अनुसार हुनेछ। | | | | | |

**अनूसुची १५**

**नगर बस सेवा शुल्क**

| | |
|---|---|
| १ | नगर बस सेवा शुल्क यातायात व्यवसायी समितिले तोकेको दररेट अनुसार हुनेछ । |

**अनुसूची ९**

**बहाल बिटौरी कर**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | स्थान | व्यवसायिक | आवासीय | कृषि | | |
| २ | | | | खेत | पाखो | |
| ३ | श्रीनगर | २०० | १०० | - | - | यथावत राखिएको |
| ४ | रेशमज्यूला/बरला/सांघार | १०० | ५० | १० | १० | संशोधन गरिएको |
| ५ | साल्चौर/ दोभान | १०० | ५० | १० | १० | संशोधन गरिएको |
| ६ | पैंया खर्क | १०० | ५० | १० | १० | संशोधन गरिएको |
| ७ | दुलधारा पोखरा/सेजवालटाकुरा | १०० | ५० | १० | १० | संशोधन गरिएको |
| ८ | स्यानीखाल / डाँडागाउ /अन्य क्षेत्र समेत | १०० | ५० | १० | १० | संशोधन गरिएको |

**अनुसूची १६**

**श्रीगनर बसपार्कको सटरहरु तथा अन्य सेवाहरुको भाडा दर रेट सम्बन्धमा ।**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | सटर भवन तल्लो तला सडक तर्फ | ८००० | व्यवस्था नभएको | ८००० | थप गर्नुपर्ने | |
| २. | सटर भवन तल्लो तला काउन्टर तिर बसपार्क तर्फ | ७००० | व्यवस्था नभएको | ७००० | थप गर्नुपर्ने | |
| ३. | सटर भवन माथिल्लो तला | ५००० | व्यवस्था नभएको | ५००० | थप गर्नुपर्ने | |
| ४. | सटर सेड | २५०० | व्यवस्था नभएको | २५०० | थप गर्नुपर्ने | |
| ५ | काउन्टर प्रति झ्याल | ४००० | व्यवस्था नभएको | ४००० | थप गर्नुपर्ने | |
| ६ | यातायाता प्रा.लि. सूचीकृत शुल्क ( अटो यातायात प्रा.लि. बाहेक ) | ७५०० | व्यवस्था नभएको | ७५०० | थप गर्नुपर्ने | |

पार्किङ (प्रति दुई घन्टा) छोटो समय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | मोटर साइकल | १० प्रति घन्टा | व्यवस्था नभएको | १० | थप गर्नुपर्ने | |
| २ | अटो प्रबेश शुल्क | १५ | व्यवस्था नभएको | १५ | थप गर्नुपर्ने | |
| ३ | जिप / कार | २० | व्यवस्था नभएको | २० | थप गर्नुपर्ने | |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | माइको ( इभि /फोर्स/हाइस ) | ३५ | व्यवस्था नभएको | ३५ | थप गर्नुपर्ने | |
| ५ | बस | ५० | व्यवस्था नभएको | ५० | थप गर्नुपर्ने | |
| पार्किङ शुल्क (लामो समय) | | | | | | |
| १. | दैनिक | १०० | व्यवस्था नभएको | १०० | थप गर्नुपर्ने | |
| २. | साप्ताहिक शुल्क | ५०० | व्यवस्था नभएको | ५०० | थप गर्नुपर्ने | |
| ३. | मासिक शुल्क | १५०० | व्यवस्था नभएको | १५०० | थप गर्नुपर्ने | |
| शौचालय शुल्क | | | | | | |
| १ | पिसाब गरेको | ५ | व्यवस्था नभएको | ५ | थप गर्नुपर्ने | |
| २ | शौच गरेको | १० | व्यवस्था नभएको | १० | थप गर्नुपर्ने | |
| ३ | स्नान गरेको | १५ | व्यवस्था नभएको | १५ | थप गर्नुपर्ने | |

**७. निष्कर्ष**

राजश्व परामर्श समितिलाई अझै थप प्रभाकारी रुपमा परिचालन गरि आन्तरिक आयको अनुमान अध्ययन अनुसन्धान गरी यथार्थपरक बनाउने राजश्व परामर्श समितिले करका दर र दायरामा गरेका सिफारिस व्यापक छलफल गरि नगरसभाबाट पारित गराउने र नगरपालकाले थप आन्तरिक स्रोत बढ्न सक्ने क्षेत्रमा लगानी गरि आन्तरिक स्रोत बढाउन सकेमा समृद्द शारदा नगरपालिकाले बन्ने देखिन्छ।

प्रतिवेदकः

सुस्मिता सापकोटा सुनार

संयोजक- राजश्व परामर्श समिति

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

अनुसूची- ११

(निर्णय नं. ७ संग सम्बन्धित)

शारदा नगरसभा

खलंगा, सल्यान

नगर सभाको १७ औं अधिवेशन

मितिः २०८२/०३/०४

**न्यायिक समितिको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन**

श्रीमान सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत नगरसभा सदस्य ज्यूहरु, शारदा नगपालिका अन्तरगत कार्यरत सर/मेमहरु आज मिति २०८२/०३/०४ गतेका दिन शुरु हुन गइरहेको यस शारदा नगरपालिकाको नगरसभाको १७ औं अधिवेशनमा न्यायिक समितिको २०८१/८२ को बार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु ।

**समितिको कार्यक्षेत्रः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ बमोजिम रहेको छ ।

**समिति पदाधिकारीहरुको नामावली निम्न वमोजिम छ ।**

१. श्री सुस्मिता सापकोटा - संयोजक
२. श्री लिला बहादुर रोका - सदस्य
३. श्री पुष्पा नेपाली - सदस्य
४. श्री दिलमाया राना क्षेत्री -उजूरी प्रशासक

न्यायिक समितिलेको कामकारबाहि सम्पादन गर्नको निम्ति निर्माण भएका कानूनहरुः

१. न्यायिक समिति कार्यसम्पादन ऐन, २०८०
२. न्यायिक समितिको न्याय सम्पादन निर्देशिका,२०८१
३. मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि,२०८१

**<u>सम्पादित कार्यहरुः</u>**

न्यायिक समितिले आ.व. २०८१।०८२ को बार्षिक (२०८१ साउन देखि २०८१ जेठ मसान्त सम्म) उजुरी व्यवस्थापन तर्फ गरेका कार्यहरुः

| गत बर्षको जिम्मेवारी सरी आएका निवेदन | आर्थिक वर्ष २०८०/८१ मा जम्मा दर्ता भएका निवेदन संख्या | निर्णय भएका निवेदन संख्या | जिल्ला अदालतमा सिफारिस गरिएका निवेदन संख्या | दरपिठ गरिएको निवेदन संख्या | हेर्न बाँकी निवेदन संख्या | सम्पर्क विहिन |
|---|---|---|---|---|---|---|

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | १७ | १७ | १ | ० | ७ | ० |

**कार्यसम्पादनको क्रममा न्यायिक समितिका सवल पक्षः**

१. स्थानीय स्तरमै दुई पक्षबीचको छलफलबाट विवाद समाधान हुने भएकोले पक्ष र विपक्षको लागत समय र रकम बचत भएको ,
२. विवाद समाधान पश्चात दुई पक्षबीच मनमुटाव र वैरभावको विचार हटि आपसि सुसम्बन्ध कायम गर्न तर्फ प्रेरित भएको।
३. वडास्तरमा मेलमिलाप केन्द्र स्थापनाका लागि मेलमिलापकर्तालाई तालिम प्रदान गरिएको।
४. न्यायिक समितिको छुट्टै सचिवालय स्थापना गरी उजुरी प्रशासकको व्यवस्था गरिएको।
५. न्यायिक कार्यसम्पादन समयमै गर्ने गरिएको।

**कार्य सम्पादन गर्दा देखिएका समस्या /चुनौतीः-**

१. तोकिएको मिति र समयमा पक्ष बिपक्ष उपस्थित नभैदिनु।
२. पक्षले निवेदन दिँदा न्यायिक समितिबाट निरुपण गर्न सकिने र मिलापत्र गराउन सकिने स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ८ दफा ४७ (१) र ४७ (२) भन्दा बाहिरको मुद्दा आउनाले सेवाग्राहीलाई सम्झाई बुझाई गर्न गाह्रो भएको।
३. पक्षले निवेदन दिँदा विपक्षको सम्पर्क नं. र सहि ठेगाना उल्लेख नगर्दा चिठ्ठी बुझाउन गाह्रो भएको।
४. पारिवारिक बेमेल तथा असन्तुष्टि सम्बन्धि उजुरीको सम्झाई बुझाई गर्न गाह्रो भएको।
५. प्राय विवाद माना चामल तथा खाना खर्च संग सम्बनधि आउने भएका कारण माना चामल के-कति बारे विवाद समाधानमा कानूनी अल्झन भएको।

**विवाद समाधान गर्दा अवलम्न गरिएका उपायहरुः-**

१. विवाद तथा उजुरी व्यवस्थापनमा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-८ मा भएको न्यायिक कार्य सम्बन्धि व्यवस्थाको अवलम्बन गरिएको।
२. नगरपालिकाले आफैले निर्माण गरेका कानूनको आधार लिएको।
३. आलीसाँधी विवादमा सम्बन्धित ठाउँमै गएर छलफल गराएको।
४. न्यायिक समितिबाट निरुपण र मिलापत्र गराउन नमिल्ने मुद्दाको बिषयमा सेवाग्राहीलाई सम्झाई बुझाई अन्यत्र ठाउँबाट कानूनी उपचार गर्न सल्लाह दिएको।
५. पक्षलाई निवेदन गर्दा विपक्षको नाम ठेगाना सम्पर्क नं. र बिषय बस्तु प्रष्ट शब्दमा लेखि ल्याउन सल्लाह दिएको।

**सुधार गर्नुपर्ने पक्षहरुः**

१. न्यायिक समिति सचिवालयमा दर्ता हुन आउने उजुरी व्यवस्थापनलाई सफ्टवेयर पद्धतिमा लैजानुपर्ने,

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

२. नगरपालिकामा छुट्टै न्यायिक ईजलासको व्यवस्था गरिनुपर्ने,
३. प्रत्येक वडामा मेलमिलाप कर्ताहरु सूचीकृत गरी वडा स्तरमै विवादको समाधान तर्फ ध्यान दिनुपर्ने,
४. कानूनी सल्लाह तथा परामर्श सम्बन्धि कर्मचारी र जनप्रतिनिधिहरुलाई अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम निरन्तर हुनुपर्ने,
५. मेलमिलाप केन्द्रको व्वयस्था गरिनुपर्ने ।
६. कानून विज्ञ तथा ज्ञातालाई परामर्शदाताको रुपमा नगरपालिकामा व्यवस्थापन गर्नुपर्ने।

**निष्कर्षः-**

आदरणीय नगर सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू तथा नगर सभा सदस्य ज्यूहरु,

माथि उल्लेखित बिभिन्न अल्झनका बावजुद पनि यस शारदा नगरपालिका अन्तर्गतको न्यायिक समितिले निरन्तर न्याय सम्पादन गरिरहेको छ । यस प्रक्रियालाई चुस्त दुरुस्त बनाउनका निमित्त सफ्टवेयर प्रणाली संचालनमा ल्याउनुका साथै वडास्तरीय मेलमिलाप केन्द्रको स्थापना गरी मेलमिलाप कर्तालाई चलायमान बनाउने र न्याय सेवासंग सम्बन्धित कर्मचारी समेतको व्यवस्थापन गर्न सकेमा न्यायिक कार्यसम्पादन अझ प्रभावकारी हुने विषयमा विश्वस्त हुन चाहान्छु ।

**धन्यवाद ॥**

**प्रतिवेदकः**
सुस्मिता सापकोटा सुनार
संयोजक- न्यायिक समिति

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

अनुसूची- १२
(निर्णय नं. ८ संग सम्बन्धित)
शारदा नगरसभा
खलंगा, सल्यान
नगर सभाको १७ औं अधिवेशन
मितिः २०८२/०३/०४

**अर्थ तथा सार्वजनिक लेखा समितिको आ. व. २०८१/८२ को वार्षिक प्रतिवेदन**

श्रीमान सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत नगरसभा सदस्य ज्यूहरु, शारदा नगपालिका अन्तरगत कार्यरत सर/मेमहरु आज मिति २०८२/०३/०४ गतेका दिन शुरु हुन गइरहेको यस शारदा नगरपालिकाको नगरसभाको १७ औं अधिवेशनमा अर्थ तथा सार्वजनिक लेखा समितिको आर्थिक वर्ष २०८१/८२ को बार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु ।

**पृष्ठभूमिः**

नगरपालिकाले प्रवाह गर्ने सार्वजनिक सेवाको गुणस्तरियता र नियमितताको चेकजाँच गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यका साथ यो समिति गठन भएको हो ।

**समितिको कार्यक्षेत्र**

नगरपालिकाको सार्वजनिक लेखासंग सम्बन्धित प्रचलित ऐन कानुनहरुको परिपालनाको अवस्थाको चेकजाँच गरी स्थानीय सरकारबाट प्रवाहहुने सेवाहरुलाई प्रभावकारी बनाउन आवश्यक अनुगमन, निर्देशन तथा सल्लाह सुझावहरु दिनु समितिको प्रमुख कार्य हो ।

(१) राजश्व र करका दरहरु बमोजिम कर संकलनको अवस्था अनुगमन गर्ने,
(२) विभिन्न योजना कार्यान्वयनको अवस्थामा खरिद लगायतका विषयमा हुने र हुनसक्ने अनियमितता र बेरुजुका बारेमा अनुगमन तथा पृष्ठपोषण गर्ने,
(३) लेखा राख्दा ऐन नियमको परिपालना गरे नगरेको चेकजाँच गर्ने,
(४) कार्यालयले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरु नियमसंगत रहे नरहेको ऐकिन गरी आवश्यक सल्लाह सुझाब दिने,
(५) महालेखा परीक्षक र आन्तरिक लेखा परीक्षणबाट प्राप्त प्रतिवेदनमा छलफल गर्ने र बेरुजुको घटाउने उपायहरु अवलम्बन गर्ने,

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

(६) सभाले तोकेका अन्य थप कार्यहरु गर्ने ।

**समिति गठन**

कर्णाली प्रदेश गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा ३६ बमोजिम नगरसभाले नगरपालिकामा उपस्थित दलिय प्रतिनिधित्व, विषय विज्ञता र समावेशी सिद्धान्तका आधारमा नगरपालिकाको लागि बढीमा संयोजक सहित ५ सदस्यीय अर्थ तथा सार्वजनिक लेखा समिति गठन गर्नेछ । समितिको संयोजक र सदस्यहरुको चयन नगर सभाको निर्वाचनबाट गर्नेछ । समितिका सदस्यहरुको नामावली देहाय अनुसार रहेको छः

१. वार्ड नं. १२ का अध्यक्ष श्री सुरेन्द्र बुढा -संयोजक
२. वार्ड नं. ५ का सदस्य श्री कुल बहादुर रेउले -सदस्य
३. वार्ड नं. ४ का सदस्य श्री सुकलाल रोका -सदस्य
४. वार्ड नं. ९ का सदस्य श्री बेलधर बुढा -सदस्य
५. वार्ड नं. ११ का सदस्य श्री चोक कुमारी कवर -सदस्य

**हाल सम्म गरेका कार्यहरु**

यस समितिले आर्थिक वर्ष ०८०/८१ को हाल सम्म सम्पादन गरेका कार्यहरु देहाय बमोजिम रहेका छन ।

१. यस शारदानगरपालिकाको आ.व. ०७३/७४ देखि आ.व. ०७८/७९ हाल सम्म औल्याएका बेरुजुहरु फच्छयौटका लागि छलफल निरन्तर रुपमा गर्दै आइरहेको ।

२. यस नगरपालिकाको नगरसभाको १५औं अधिवेशनबाट नियमित गरिएका बेरुजुहरु फच्छयौटका लागि मिति २०८१/०९/१९ गते समितिको बैठक बसी NAMS मा प्रविष्टी गर्ने निर्णय गरिएको ।

३. कार्यालयबाट सञ्चालन भएका विभिन्न कार्यक्रम तथा योजनाहरुको अनुगमन गर्ने गरिएको ।

४. आ.व. ०८०/८१ को आन्तरिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा मिति २०८१/०९/१९ गतेका दिन यस समितिको बैठक बसी लेखा परीक्षणबाट औल्याएका बेरुजु सम्बन्धमा बेरुजु फच्छयौटका लागि सम्बन्धित व्यक्ति, संस्था, फर्म, कम्पनी तथा शाखाहरुलाई पत्राचार गर्ने निर्णय गरिएको ।

५. आ.व.०८०/८१ को बेरुजु फच्छयौटको लागी NAMS मा प्रबिष्ट गरेर महालेखा परीक्षकको कार्यालयमा पेश गरेकोमा सबै बेरुजु प्रतिक्रियाबाट फच्छयौट नभएको हुँदा नगरसभाबाट नियमित गर्नका लागि पेश गर्न कार्यपालिका समक्ष पेश गर्ने निणर्य गरियो साथै बेरुजु फच्यौटका लागि आवश्यक कागजातहरुको तयारी गर्ने कार्य गरियो ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

**कार्य सम्पादन गर्दा आइपरेका समस्या/चुनौतीहरु**

-आवश्यक कागजात तथा प्रमाणहरुको संकलन गर्दा समयमै कागजातहरु प्राप्त नहुने

-बेरुजु फच्छयौटका लागी महालेखा परिक्षकको कार्यालयमा आवश्यक कागजातहरु सहित पत्राचार गरेको आवश्यक समन्वय नगरेको

-फच्छयौट गर्नु पर्ने बेरुजु समेत मलेप बाट फच्छयौट समयमै नगरिएको

-नयाँ प्रणालीमा रहेको त्रुटीका कारण समेत बेरुजु फच्छयौटका लागि केही दफाको बेरुजुको विवरण प्रबिष्ट गर्न नसकिएको

-प्रमाण पेश गर्न पत्राचार गरेको निकै कम व्यक्ती निकाय फर्म वा संस्थाबाट मात्र प्रतिक्रिया प्राप्त भएको

-अनुगमन कार्य प्रभावकारी ढंगले अगाडि बढाउन नसकिएको

**निष्कर्ष**

अर्थ तथा सार्वजनिक लेखा समितिले आफ्ना कार्यहरु संचालन गर्दा केही समस्या/चुनौतीहरु देखिएता पनि समस्याहरुलाई समाधान गरी समितिले गर्नु पर्ने कार्यहरु पूर्णरुपमा  गर्न सकेमा यसले शारदा नगरपालिकाले प्रवाह गर्ने सेवा तथा विकास निर्माण सम्बन्धि कार्यहरुलाई प्रभावकारी र गुणस्तरीय बनाउन सहयोग गर्ने देखिन्छ।

सुरेन्द्र बुढा
संयोजक- अर्थ तथा सार्वजनिक लेखा समिति

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

अनुसूची- १३

(निर्णय नं. ९ संग सम्बन्धित)

शारदा नगरसभा

खलंगा, सल्यान

नगरसभाको १७ औं अधिवेशन

मिति २०८२।०३।०४

**विद्यायन समितिको आ.व. २०८१ ।०८२ को वार्षिक प्रतिवेदन**

श्रीमान सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत नगरसभा सदस्य ज्यूहरु, शारदा नगपालिका अन्तरगत कार्यरत सर/मेमहरु आज मिति २०८२/०३/०४ गतेका दिन शुरु हुन गइरहेको यस शारदा नगरपालिकाको नगरसभाको १७ औं अधिवेशनमा विधायन समितिको आर्थिक वर्ष २०८१/८२ को बार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु ।

**पृष्ठभूमिः** यस शारदा नगरपालिकाका अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरुलाई स्थानीय सरकार संचालन ऐन,२०७४ को मर्म अनुरुप, मर्यादित, सरल, सर्वुलभ एवम् कानूनी प्रावधान अनुरुप संचालन गर्ने हेतुले यस नगरपालिकाको प्रत्येक कार्यपालिका बैठकबाट कानून निर्माण गर्ने, परिमार्जन गर्ने तथा बनाईएका कानूनको संसोधन गर्ने, कानून कार्यान्वयनको अवस्था समीक्षा गर्ने र दुरगामी असरबारे छलफल गर्ने गरिएको छ । आर्थिक वर्ष २०८१।०८२ को बार्षिक अवधिमा **नीति २ वटा, नियमावली १ वटा, विनियमावली १ वटा, निर्देशिका २ वटा, कार्यविधि २५ वटा र मापदण्ड १ वटा** स्वीकृत गरेकोले सो अनुमोदनका लागि पनि सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु ।

**समितिको कार्यक्षेत्र**

१. सभामा प्रस्तुत भई विधायन समितिमा पेश हुन आएका विधेयकहरुमा छलफल गर्ने ।
२. कार्यपालिकाले स्वीकृत गरेका कानूनहरुको अध्ययन गरी सभामा प्रतिवेदन पेश गर्ने ।
३. जनप्रतिनिधि तथा कर्मचारीका लागि कानूनी साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने ।

**समितिका पदाधिकारीहरुको नामावलीः**

| | | |
|---|---|---|
| १. | वार्ड नं. ९ का अध्यक्ष श्री हेमेन्द्र कुमार बुढाथोकी | -संयोजक |
| २. | वार्ड नं. २ का सदस्य श्री रमा शर्मा | -सदस्य |
| ३. | वार्ड नं. १५ का सदस्य श्री मोहन भण्डारी | -सदस्य |
| ४. | वार्ड नं. ४ का सदस्य श्री सुरेश रावत | -सदस्य |
| ५. | वार्ड नं. १० का सदस्य श्री ज्ञानेन्द्र कुमार कवर | -सदस्य |

२०८१ साउन देखि २०८२ जेष्ठ मसान्त सम्म कार्यपालिकाबाट अनुमोदित कानूनहरुः

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

**स्वीकृत कानूनहरुको विवरणः**

१. शारदा नगरपालिका सार्वजनिक खरिद नियमावली, २०८१
२. त्रिभुवन जन माध्यमिक विद्यालय सञ्चालन एवं व्यवस्थापन विनियमावली, २०८१
३. शारदा नगरपालिका अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन कार्यविधि,२०८१
४. सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिका, २०८१
५. उपप्रमुख कोशेली कार्यक्रम सञ्चालन कार्यविधि, २०८१
६. कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८१
७. आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि, २०८१
८. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१
९. विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०८१
१०. व्यक्तिगत सरसफाई तथा हात स्वच्छता सम्बन्धी कार्यविधि, २०८१
११. खुल्ला दिसामुक्त अवस्थाको दिगोपना सम्बन्धी कार्यविधि, २०८१
१२. विद्यालय खानेपानी तथा सरसफाई सम्बन्धी कार्यविधि, २०८१
१३. शारदा नगरपालिका प्राविधिक कर्मचारी फिल्ड सुविधा सम्बन्धी कार्यविधि, २०८१
१४. शारदा नगरपालिका विज्ञापन बोर्ड तथा प्रचार सामाग्री नियमन गर्ने मापदण्ड, २०८१
१५. शारदा नगरपालिका सामाजिक समावेशीकरण नीति, २०८१
१६. शारदा नगरपालिका यूवा नीति, २०८१
१७. बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०८१
१८. शारदा नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१
१९. बालबालिकाको वृद्धि अनुगमन कार्यक्रम सञ्चालन कार्यविधि,२०८१
२०. शारदा नगरपालिका पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१
२१. गैरसरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन सम्बन्धी निर्देशिका, २०८१
२२. लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८१
२३. "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१
२४. कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१
२५. बाली तथा पशुपंछी उपचार सेवा केन्द्र सञ्चालन कार्यविधि, २०८१
२६. बसपार्क व्यवस्थापन कार्यविधि, २०८२
२७. एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२
२८. जग्गा खण्डीकरण/प्लटिङ्ग अनुमती तथा सिफारिश सम्बन्धी कार्यविधि, २०८२
२९. सार्वजनिक भवन तथा सभा हल सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, सल्यान

३०. यान्त्रिक सवारी साधन सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

३१. व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८२

३२. उत्कृष्ट पत्रकारिता पुरस्कार वितरण सम्बन्धी कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत हुन बाँकी कानूनहरुः**

१. मेला महोत्सव संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२

यसरी नगरपालिकालाई आवश्यक पर्ने कानूनहरु समय-समयमा निर्माण भई कार्यान्वयन भईरहेको अवस्था छ। कतिपय कानूनहरु निर्माणको क्रममा विविध समस्या तथा चुनौतीहरु देखा परेको देखिन्छ। कानून निर्माण तथा परिपालनामा देखा परेका वा देखा पर्न सक्ने चुनौती तथा समस्याहरु सामना गर्दै नगरपालिकाबाट चुस्त दुरुस्त सेवा प्रदान गर्नु अपरिहार्य छ।

**कानून निर्माणको सबल पक्षः**

- समय समयमा नगरपालिकालाई आवश्यक पर्ने कानूनहरु निर्माण भई कार्यान्वयन भएको,
- कामकारबाही तथा कार्यक्रमको संचालनको लागि प्रयाप्त मार्ग प्रसस्त भएको,
- सम्बन्धित कामकारबाहीसंगको कानूनी रिक्तता हटेको,
- नगरपालिकाबाट प्रदान गरिने सेवा प्रति नागरिकको अपनत्व वृद्धि भएको

**कानून निर्माणको दुर्वल पक्षः**

- कानून निर्माणमा जनप्रतिनिधिहरु र सरोकारवाला पक्षहरुसंग प्रयाप्त छलफलको कमि हुन,
- कानूनी ज्ञान तथा सचेतनाको कमि,
- कानून निर्माणसंग सम्बन्धित समितिहरुको अन्तरक्रिया तथा बहस बारे कम ध्यान जानु,
- कानूनी विज्ञ तथा परामर्शदाताको अभाव

**सुधार गर्नुपर्ने पक्षहरुः**

- कानूनी सल्लाह तथा परामर्श सम्बन्धी कर्मचारी र जनप्रतिनिधिहरुलाई अभिभुखीकरण तथा अन्तरक्रिया कार्यक्रम निरन्तर हुनुपर्ने,
- कानून निर्माणको लागि आवश्यक पर्ने स्रोतसाधनको सम्बन्धमा नगरसभाले ध्यान दिनुपर्ने
- निर्माण भएका तथा स्वीकृत हुने कानून बारे व्यापक छलफल हुनुपर्ने,
- कानूनको परिपालना सम्बन्धमा समीक्षा हुनुपर्ने,
- कानून विज्ञ तथा ज्ञाताको परामर्श लिनुपर्ने।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

**समग्रमाः** कानून निर्माणको क्रममा देखिने वा देखा पर्न सक्ने चुनौती तथा समस्याहरुको सामना गर्दै नगरपालिकालाई आवश्यक पर्ने कानूनहरु समयमै निर्माण तथा संसोधन गरि कानूनहरु परिपालन गर्नु गराउनु र नगरपालिकाबाट प्रदान हुने सेवालाई चुस्त दुरुस्त बनाउन अपरिहार्य छ ।

**प्रतिवेदकः**
**हेमेन्द्र कुमार बुढाथोकी**
**संयोजक-विद्यायन समिति**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

अनुसूची- १४

(निर्णय नं. १० संग सम्बन्धित)

शारदा नगरसभा

खलंगा, सल्यान

नगर सभाको १७ औं अधिवेशन

मितिः २०८२/०३/०४

**सुशासन तथा स्थानीय सेवा समितिको आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदन**

श्रीमान सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत नगरसभा सदस्य ज्यूहरु, शारदा नगपालिका अन्तरगत कार्यरत सर/मेमहरु आज मिति २०८२/०३/०४ गतेका दिन शुरु हुन गइरहेको यस शारदा नगरपालिकाको नगरसभाको १७ औं अधिवेशनमा सुशासन तथा स्थानीय सेवा समितिको आर्थिक वर्ष २०८१/८२ को बार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु ।

**१. पृष्ठभूमिः** कार्यपालिकालाई सभामार्फत जनताप्रति उत्तरदायी बनाउन र कार्यपालिकाका काम कारवाहीको निरन्तर निगरानी गर्न कर्णाली प्रदेश गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा ३६ बमोजिम नगरसभाले नगरपालिकामा उपस्थित दलिय प्रतिनिधित्व, विषय विज्ञता र समावेशी सिद्धान्तका आधारमा नगरपालिकाको लागि बढीमा संयोजक सहित पाँच सदस्यीय सुशासन तथा स्थानीय सेवा समिति गठन गरेको छ ।

**२. समितिको कार्यक्षेत्रः** कर्मचारी प्रशासन, प्रदान गरिने सेवाको स्तर, सेवाको सञ्चालन, सार्वजनिक सेवा प्रवाह र आयोजना सञ्चालन जस्ता विषयहरु समितिको कार्यक्षेत्र भित्र पर्दछ ।

समितिका पदाधिकारीहरुको नामावलीः

१. वार्ड नं. २ का अध्यक्ष श्री सविन हमाल -संयोजक
२. वार्ड नं. ३ का सदस्य श्री मधुदास श्रेष्ठ -सदस्य
३. वार्ड नं. १५ का सदस्य श्री ढकलाल रावत -सदस्य
४. वार्ड नं. १४ का सदस्य श्री चन्द्रावती बढाथोकी -सदस्य
५. वार्ड नं. १२ का सदस्य श्री बालाराम वली -सदस्य

**३.** शारदा नगरपालिका नगर सभाको सुशासन तथा स्थानीय सेवा समितिका संयोजक तथा वडा नं. २ का वडा अध्यक्ष श्री सविन हमाल ज्यूको अध्यक्षता मिति २०८२।०२।२८ गतेका दिन बसेको समितिको बैठकका निर्णय अनुसार विभिन्न प्रस्तावहरुमा छलफल गरी मातहतका शाखाहरुबाट भएको प्रगतीको समीक्षा गरी कार्यपालिका समक्ष पेश गर्ने निर्यण गरियो ।

**४.** समितिको अधिकारक्षेत्र भित्रका विषयहरुमा भएका उपलब्धीहरु ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ २९ गते**

